
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❏ वर्ष २५ ❏ अङ्क १६९ ❏ श्रेणी क्षेत्रीय 'क' ❏ २०८१ असार १७ गते सोमबार ❏ 1 July 2024 ❏ पृष्ठ ४ ❏ मूल्य रू. ५ ।-


## उद्धार र राहतमा गण्डकी सरकार जिम्मेवार भएन : पूर्व मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री खगराज अधिकारीले बाढी पहिरो लगायतका प्राकृतिक विपत्तिमा परेका जनताको उद्धार र राहत लगायतमा गण्डकी प्रदेश सरकारले प्रभावकारी भूमिका खेल्न नसकेको बताउनुभएको छ ।



आइतबार प्रदेश सभा बैठकमा बोल्दै नेकपा (एमाले) गण्डकी प्रदेश संसदीय दलका नेता समेत रहनुभएका अधिकारीले संसदमा सांसदहरुले उठाएका महत्वपूर्ण विषयलाई सरकारले वास्ता नगरेको गुनासो गर्नुभयो । संसदमा उठेका कुरालाई सम्बोधन नगर्ने खालको निष्प्राण सरकार संसदले परिकल्पना नगरेको उहाँको प्रष्टोक्ति थियो ।

हालै अविरल वर्षाको कारण आएको बाढी, पहिरो तथा डुबानको कारण गण्डकी प्रदेशका कास्की, पर्वत, लमजुङ, स्याङ्जा, बागलुङ लगायतका जिल्लाका विभिन्न ठाउँमा ठुलो जनधनको क्षति भएको भएपनि त्यसलाई सम्बोधन गर्न प्रदेश सरकारले जिम्मेवारीपूर्वक काम गर्न नसकेको उहाँको दावी थियो । उहाँले तत्काल उद्धार तथा राहतका कार्यक्रम मार्फत पीडितको पीडामा मलम लगाउन आग्रह गर्नुभयो ।

'सरकारको तर्फबाट राहत उद्धारका कामहरु धिमा गतिमा भइरहेका छन् । त्यतिमात्र होइन पुनःस्थापनाको समय भइसक्यो, सरकारको उपस्थिति देखिदैन' उहाँले भन्नुभयो । पूर्व मुख्यमन्त्री अधिकारीले लमजुङको क्व्होलासोथार लगायतका ठाउँमा तुरुन्त पुगेर सरकारको उपस्थिति देखाउन अनुरोध गर्नुभयो ।

सांसदले सदनमा आवाज उठाउदा समेत सरकार जवाफविहीन भएर बस्ने गरेको उहाँको भनाई छ । 'सरकारले आफ्नो दायित्व पुरा नगरीकन दिन काट्ने काम नगरोस्, प्रदेश सभाको सक्रियता तथा गतिशिलतालाई निस्तेज नपारोस्' अधिकारीले भन्नुभयो ।

सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटमा समेत थुप्रै कमजोरी देखिएको उहाँले सुनाउनुभयो । बजेट निर्माणमा सांसदको भूमिकालाई प्राथमिकता नदिएको उहाँको गुनासो थियो । जसका कारण २३ वटा कार्यक्रम डुप्लिकेशन हुन पुगेको खुलाउनुभयो।

'प्रदेशको बजेट निर्माणमा प्रदेश सासंदको भूमिका नभएर कोही अमुकको हुन्छ भने त्यो कुरा संसोधन हुनैपर्छ, कुनै पनि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## देवकोटा पुनः मन्त्रीमा नियुक्त

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

नेपाल समाजवादी पार्टीका सांसद फणीन्द्र देवकोटा पुनः दोश्रो पटक मन्त्री पदमा नियुक्त हुनु भएको छ। सर्वोच्चबाट मुद्दा जितेर असार ११ गते संसद पुग्नु भएको देवकोटालाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आइतबार पहिलाकै मन्त्रालय ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रीमा नियुक्त गर्नु भएको हो ।



उहाँले आइतबार सपथ ग्रहण गर्नु भएको हो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको सभाहलमा आइतबार प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले उहाँलाई सपथ ग्रहण गराउनु भएको हो । गठबन्ध हुँदा माओवादी चुनाव चिह्नबाट विजयी भई माओवादी संसदीय दलकै सदस्य भएर ह्वीप उल्लंघन गरेको भन्दै माओवादीले पदमुक्त गर्ने निर्णय गरेको थियो । सर्वोच्च अदालतले उहाँको पद थमौति गरेसंगै उहाँ पुनःवहाली हुनु भएको हो ।

गत जेठ २८ गते माओवादी केन्द्रको निर्णय विपरीत सांसद देवकोटाले मुख्यमन्त्री पाण्डेलाई विश्वासको मत दिनु भएको थियो। मुख्यमन्त्रीलाई फ्लोर क्रस गरी मत दिनु भएको उहाँ भोलिपल्ट मन्त्री नियुक्त हुनु भएको थियो। जेठ २९ मा मन्त्री नियुक्त हुनु भयो सोही दिनमा माओबादीले २४ घण्टे स्पष्टीकरण सोधेको थियो । माओवादी केन्द्रले जेठ ३२ गते प्रदेश सभा सदस्यबाट पदमुक्त गरेको थियो ।

आफुलाई पदमुक्त गरेपछि देवकोटाले ६ असारमा अन्तरिम आदेशको माग गदै सर्वोच्चमा निवेदन दर्ता गर्नु भएको थियो । अदालतमा परेको निवेदन पछि १० असारमा न्यायाधीश प्रकाशमान सिंह राउतको एकल इजलासले देवकोटालाई माओवादीले कारवाही गर्ने अधिकार नभएकाले निवेदनको अन्तिम निर्णय नभएसम्मका लागि गरिएको कारवाही कार्यान्वय नगर्न आन्तरिम आदेश जारी गरेको थियो ।

गण्डकी प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सहित ७ वटा मन्त्रालयहरु रहे पछि हाल ५ वटा मात्र मन्त्रीहरु रहनुभएको छ ।

## पोखरा कलेज अफ म्यानेजमेन्टमा नमूना पत्रकार सम्मेलन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

पोखरा कलेज अफ म्यानेजमेन्ट (पिसिएम) मा बिबिए आठौं सेमेस्टरका विद्यार्थीहरुले आइतबार नमूना पत्रकार सम्मेलन अभ्यास कार्यक्रम सम्पन्न गरेका छन् ।



पोखरा उद्योग वाणिज्य संघको सभाकक्षमा दुईवटा सेक्सनका ७२ जना विद्यार्थीहरुले ६ वटा समूहमा बाँडिएर अभ्यासको प्रस्तुतिकरण गरेका थिए । बिबिए अन्तिम सेमेस्टरमा 'मिडिया र जनसम्पर्क' विषय अध्ययनरत विद्यार्थीहरुलाई कार्यक्षेत्रको प्रत्यक्ष अनुभव गराउने सन्दर्भमा यो कार्यक्रम आयोजना गरिएको कलेजका बीबीए कार्यक्रम संयोजक हरी अधिकारीले बताए।

कार्यक्रममा क्याम्पस प्रमुख लिना श्रेष्ठ नेगीले विद्यार्थीहरुले यस्ता कार्यक्रमबाट आफ्नो व्यवसायीक जीवनमा अत्यन्त काम लाग्ने सीप सिकेकोमा खुसी व्यक्त गरिन् ।

यस कार्यक्रमबाट कार्यक्षेत्रमा मिडियासँग सम्बन्ध राख्न, पत्रकार सम्मेलन सञ्चालन गर्न तथा प्रेस विज्ञप्ती तयार गर्न सिकेको विषय शिक्षक सुवास मल्लले जानकारी दिए । विद्यार्थीको नमुना पत्रकार सम्मेलनको प्रस्तुतीले आँफुलाइ ज्यादै आनन्दित बनाएको शिक्षक मल्लले खुशी व्यक्त गरे ।

कार्यक्रममा पत्रकारहरु भरत कोइराला, शोभाकान्त सिग्देल र फडिन्द्र अकिञ्चनले विद्यार्थीहरुको प्रस्तुतीकरणमा टिप्पणी तथा मूल्यांकन गरेका थिए।

पोखरामा लामो समयदेखि पत्रकारिता गरिरहेका पत्रकार हरुबाट आफ्नो नमूना पत्रकार सम्मेलनमा पृष्ठपोषण पाउँदा वास्तविक सिकाई भएको कार्यक्रममा सहभागी विद्यार्थी रचित पौडेलले बताए । त्यसैगरी पढाइ सँगै प्रयोगात्मक अभ्यासले हामीलाई धेरै सिक्ने अवसर मिलेको विद्यार्थी पूजा सिग्देलले भनिन् । संचारमाध्यममा लामो समय सम्म कार्यरत पत्रकार सँग प्रत्यक्ष कुराकानी गर्न पाउँदा कसरी प्रश्न गर्नु पर्ने वारे थाह भएको विद्यार्थी रोशनी कार्कीले वताइन् ।

पोखरा कलेज अफ म्यानेजमेन्टले विगत दुई दशकदेखि पोखरा विश्वविद्यालयबाट सम्बन्धनप्राप्त गरी पोखरामा व्यवस्थापन संकायमा अध्ययन अध्यापन गराउँदै आएको छ । हाल कलेजमा दिवा तथा बिहानी सत्रमा ६ सय बढि विद्यार्थीहरु बिबिए र बिसिआईएस (आईटी) कार्यक्रममा अध्ययन गरिरहेका छन् ।

## एसइईको पुरक परीक्षा साउन २३ देखि ३१ सम्म

**रासस**
काठमाडौं, १६ असार

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई) को ग्रेड वृद्धि अर्थात पुरक परीक्षा साउन २३ गतेदेखि सञ्चालन गर्ने भएको छ।

आइतबार राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) र शिक्षा मन्त्रालयको संयुक्त बैठकले साउन २३ गतेबाट ग्रेड वृद्धि अर्थात पुरक परीक्षा सञ्चालन गर्ने निर्णय गरेको परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिनुभयो ।

यसअघि परीक्षाफल सार्वजनिक गरेको दिनमा बोर्डका अध्यक्ष प्रा डा महाश्रम शर्माले दुई विषयमा नन ग्रेडेड अर्थात अनुत्तीर्ण विद्यार्थीका लागि बोर्डले साउन १८ र १९ गते परीक्षा गर्ने बताउनुभएको थियो ।

यद्यपि शिक्षा मन्त्रालयले शुक्रबार नै दुईभन्दा बढी विषयमा नन ग्रेडेडलाई परीक्षामा सहभागी गराउने निर्णय गर्दै बोर्डलाई निर्देशन दिएपछि आज बसेको बार्ड बैठकले परीक्षा मिति सारेर सबै विषयको परीक्षा दिने निर्णय गरेको उहाँले जानकारी दिनुभयो । साउन २३ गतेबाट सुरु भई साउन ३१ गतेसम्म

बाँकी अन्तिम पृष्ठमा ▶▶




# कमलपोखरी सहकारी र नागरिक डेन्टल बिच सम्झौता

पोखरापत्र संवाददाता
पोखरा, १६ असार

दाँत सफा गर्नु छ ? हजुरको गिजा दुखेको छ ? हजुरको दाँत दुखेर आँ गर्न नि भएको छैन् ? दाँत चम्काउनु छ ? अव एक रति पनि पिर नलिनुहोस । सहकारी र नागरिक डेन्टलविच दाँतको सवै समस्या समाधान गर्न आइतवार सम्झौता भएको छ । पोखरा महानगरपालिका वडा नं १३ बाँझापाटन स्थित कमलपोखरी बचत तथा ऋण सहकारी संस्था र न्यूरोडमा स्थित नागरिक डेन्टल क्लिनिक एण्ड अर्थोडोन्टिक सेन्टर क्लिनिक संग सम्झौता भएको हो । सहकारीका सदस्यहरुले डेन्टलवाट विभिन्न विषयमा छुट पाउने भएका छन् । निःशुल्क परामर्श, एक्सरे दाँत



भर्ने, जराको उपचार, दाँत निकाल्ने कार्यमा १० देखि ३० प्रतिशत छुट, डाईमन्ड भर्नेमा ३० प्रतिशत, दाँत सफागर्दा जराबाट उपचार गर्नुपरेमा २५ प्रतिशत, दाँत टल्काउने र दाँतमा खोल राख्नु परेमा १० देखि २० प्रतिशत, सिधा दाँता बनाउनु परेमा १० प्रतिशत, दाँत प्रत्यारोपणमा १० प्रतिशत, गिजाको उपचार १० प्रतिशत र बच्चाको दाँतको उपचारमा पाँच प्रतिशतले छुट दिने लगायत विषयमा सम्झौता गरिएको सहकारीका सचिव कुमार केसीले पोखरापत्रलाई वताए । सहकारीका अध्यक्ष माधबप्रसाद आचार्य र नागरिक डेन्टलको तर्फवाट डा.कृपा शाही विच सम्झौतामा हस्ताक्षर भएको छ । त्यसैगरी सहकारीले निरा माया डायग्नोस्टि संग पनि सम्झौता गरिसकेको छ ।

# उद्धार ...

हालतमा त्यो कुरा दोहोरीन दिनु हुदैन' उहाँको जोड थियो ।

संविधानले व्यवस्था गरेको संसद भएको र संसदले सांसदलाई दिएको अधिकार कमजोर बनाउने काम सरकारबाट किमार्थ हुन नहुने उहाँले उल्लेख गर्नुभयो ।

'सासंदका योजना माग्ने तर त्यो अनुसार नहुने काम भइरहेको छ यस्ले न संसद बलियो हुन्छ न सांसद बलिया हुन्छन् । न सरकार सरकार जस्तो हुन्छ । हामी संसदलाई बलियो बनाउ । सांसदहरु बलियो बनाउ' उहाँको आग्रह थियो ।

बजेट बनाउँदा को-को हाबी भए त्यसको खोजी गर्नुपर्ने उहाँले बताउनुभयो ।

आइतबार परेको संसद दिवसको अवसरमा समेत विभिन्न प्रसंगमा बोल्दै उहाँले यसको महत्वको बारेमा भनाई राख्नुभयो ।

# एकीकृत समाजवादीप्रति जनताको विश्वास बढेको छ : अध्यक्ष नेपाल

रासस
काठमाडौं, १६ असार

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले आफ्नो पार्टी संविधान र गणतन्त्रको रक्षाका लागि स्थापना भएकाले देशभरका जनतामा विश्वास बढेको बताउनुभएको छ ।

दशौं राष्ट्रिय महाधिवेशनलाई आज यहाँ सम्बोधन गर्दै उहाँले अहिले पनि लोकतन्त्र खतरामा रहेको बताउनुभयो । पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले जनताको अधिकार स्थापित गर्न आत्मविश्वासका साथ पार्टीलाई जनतामा केन्द्रित गर्नुपर्नेमा जोड दिनुभयो । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले यस पार्टीले लोकतन्त्रको रक्षा तथा मुलुकको राष्ट्रिय राजनीतिमा महत्वपूर्ण भूमिका निर्वाह गरेको स्मरण गर्नुभयो । उहाँले उक्त पार्टीमा रहेका अनुभवी नेताहरुले आगामी दिनमा राष्ट्रिय राजनीतिमा सही दिशानिर्देश गर्नुपर्नेमा जोड दिनुभयो । एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले जनवादी र समाजवादी क्रान्तिबारे जानकारी दिँदै राष्ट्रको विकास तथा सुशासनका लागि सबै दलहरुले एकआपसमा प्रतिस्पर्धा गर्नुपर्ने बताउनुभयो । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आमजनता र नेतृत्वका बीचमा मत फरक भएपछि समस्या आउने गरेको धारणा राख्दै दलहरु जनताप्रति जवाफदेही हुनुपर्ने विचार व्यक्त गर्नुभयो । रोजगारी वृद्धि गर्न, शिक्षा, सहकारीलगायतका राष्ट्रिय समस्या समाधानमा सबै दल एकजुट हुनुपर्ने उहाँको भनाइ थियो ।

# एसइईको...

सञ्चालन हुने पुरक परीक्षाको नतिजा भने असोजको पहिलो साताभित्र सार्वजनिक गर्ने जनाइएको छ । पुरक परीक्षामा उत्तीर्ण विद्यार्थीलाई यसै वर्ष कक्षा ११ को अध्ययन गर्ने अवसर प्रदान गरिने भएको छ ।

गत बिहीबार प्रकाशित एसइईको नतिजाअनुसार नन ग्रेडेड अर्थात अनुत्तीर्ण दुई लाख ४२ हजार तीन सय १३ विद्यार्थी पुनःपरीक्षामा सहभागी हुन पाउने भएका छन् । बोर्डले परीक्षा तालिका नै परिवर्तन गरेर साउन २३ गतेबाट सञ्चालन गर्ने जनाएको हो ।

# कालिका बहुमुखी क्याम्पसलाई क्युएए प्राप्त

पोखरापत्र संवाददाता
पोखरा, १६ असार

पोखरा महानगरपालिका वडा नं १४ काजीपोखरी स्थित कालिका बहुमुखी क्याम्पसले क्युएए प्राप्त गरेको छ ।

क्याम्पसलाई विश्वविद्यालय अनुदान आयोगले शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्को सिफारिमा असार १२ गते क्युएए प्रदान गरेको हो । २०४८ स्थापना भएको क्याम्पसले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र(क्युएए)को लागि निवेदन दिएको साढे दुई वर्षमा क्युएए प्राप्त गरको छ । धेरै मेहनत र प्रयास पछि आवश्यक पर्ने सबै चरण पार गरी क्याम्पसलाई क्युएए प्राप्त भएको कालिका बहुमुखी क्याम्पसका प्रमुख विरन्जी गौतमले बताउनु भयो ।

अव क्याम्पसले क्युएए प्राप्त गरेपछि क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई अन्तर्राष्ट्रिय क्षेत्रमा समेत सहज हुने प्रमुख गौतमले भन्नुभयो । पढाइलाई




उद्योगले कस्तो जनशक्ति खोजेको छ शैक्षिक संस्थाले त्यस्तै जनशक्ति उत्पादन गर्नुपर्ने गौतमले धारणा राख्नु भयो । आगामी दिनमा थप विषयका कक्षाहरु सञ्चालनसँगै भौतिक र शैक्षिक गुणस्तरको योजना रहेको उनको भनाइ छ ।

क्युएए प्रमाणपत्र प्राप्त गर्ने क्याम्पसलाई विभिन्न सरकारी निकायबाट समेत हरेक वर्ष अनुदान लगायत अन्य सुविधा प्राप्त हुने गरेको प्रमुख गौतमले जानकारी गराउनु भयो । लामो समयको निरन्तर मेहेनेत र स्थानीयदेखि सबैको साथ र सहयोगका कारण क्याम्पस क्युएए प्रमाणपत्र प्राप्त गर्न सफल भएकोमा क्याम्पस संचालक समितिका अध्यक्ष किरण केसीले खुशी व्यक्त गर्नुभयो ।

कालिका बहुमुखी क्याम्पसमा हाल एक हजार पाँच सय ५० विद्यार्थी रहेको क्याम्पसका निवर्तमान क्याम्पस प्रमुख रवीन्द्र नाथ वाँस्तोलाले वताउनु भयो । सो कार्यक्रम कालिका बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख युवराज गुरुङ्ले संचालन गर्नु भएको थियो ।


SRIJANA Announces



For Grade XI
Science & Management
(HM, Tourism, Computer Science)

Entrance Test
» 22nd Ashar, 2081 at 7:45 AM
Subjects for Written Test
» Science, Maths & English (For Science)
» Maths and English (For Management)

ADMISSION OPEN

Srijana Secondary School
Shanti Marga, Srijana Chowk, Pokhara
Tel.: 061-578053, 553595, 582648
Web: www.srijana.edu.np
E-mail : srijana.school2050@gmail.com
INTERNATIONAL SCHOOL AWARD 2017-2020



GLOBAL COLLEGIATE SCHOOL
Ranipauwa, Pokhara

ADMISSION NOTICE

Global Collegiate School announces admission open for class XI in SCIENCE AND MANAGEMENT for the academic year 2081/082.

ENTRANCE PROGRAMME SCHEDULE

| Stream → | | SCIENCE (Day) | MANAGEMENT (Morning & Day) |
|---|---|---|---|
| Form submission deadline | | 20th Asar, 2081 (by 4:00 pm) | 20th Asar, 2081 (by 4:00 pm) |
| Entrance Test | Date | 21th Asar, 2081 | 21th Asar, 2081 |
| | Time | 02:00 pm | 02:00 pm |



Minimum requirement
At least GPA 2.8 for science and GPA 2.4 for Management in SEE.


For entrance application and further detail, contact school office between 7am.-4 pm.

Optional Computer Science is available for both science and management stream.

Principal
GLOBAL COLLEGIATE SCHOOL
Ranipauwa, Pokhara, Ph.: 061-574604, 577813, 585817
website : globalcollegiate.edu.np



कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# राजनीतिक स्थायित्वमा जोड दिऔं

डेढ वर्षको अबधिमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले चार पटक विश्वासको मत लिए । राजनीतिक स्थिरताका लागि दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाइने संविधानमा राखियो । तर सरकारलाई समर्थन गर्ने दलले समर्थन फिर्ता लिए ३० दिन भित्र विश्वासको मत लिनुपर्ने अनिवार्य बनाइयो । त्यही आधारमा संघीय सरकार होस वा प्रदेश प्रदेश सरकारहरू अस्थिर भएका छन। केही प्रदेश सर्वोच्च अदालतको दैलोमा मुद्दा मामिलामा अल्झिएका छन् । अदालतले भनिदिनुपरेको छ कि बहुमत कति संख्या हो ? सरकार कसले बनाउन पाउँछ र पाउँदैन । कस्ले दलको ह्वीप उल्लंघन गर्न पाउँछ कस्ले पाउँदैन न्यायाधीशको न्यायीक मनमा निर्भर रहेको छ । सरकारले जनतालाई सेवा दिनु भन्दा समर्थन गर्नेलाई चित्त बुझाउन सबै ध्यान लगाउनु परेको छायस्तै अस्थिरताले सरकारी कार्यालयहरूको सेवा प्रवाहमा ढिलासुस्ती र भ्रष्टाचारले नागरिकमा चरम निराशा उत्पन्न छ। तर दलहरूलाई सुशासन दिने वा सरकारी सेवा प्रवाह चुस्त बनाउनुपर्छ भन्ने लागेको छैन । बेला बेलामा राजनीतिक दलका नेताहरू संविधान संशोधनको मुद्दा उठाउने गर्दछन ।

कांग्रेस सत्ता गठबन्धनबाट बाहिर परेपछि संविधान संशोधनको कुरा उठाएको छ । सबै प्रयोग सफल नभएपछि कांग्रेस र एमालेको सरकार बनाएर निर्वाचन प्रणालीमा संशोधन गर्नुपर्ने तर्क अघि सारेका छन । संसद दिवसको अवसरमा निर्वाचन प्रणाली संशोधनको कुरा उठेको छ । अहिलेको निर्वाचन प्रणालीकै कारण एउटै दलको बहुमत प्रतिनिधिसभा / प्रदेश सभामा पुग्न कठिन देखिन्छ। त्यसमाथि झन्डै दुई तिहाइ नै ल्याएको वामपन्थी गठबन्धनसमेत सत्ता स्वार्थकै टकरावले टुक्रियो । सत्ता स्वार्थका लागि तीन वर्षअघि नेकपा एमालेलाई विभाजित गराइयो ।संविधान र कानुन विपरीत अध्यादेशको आधारमा विभाजित गरेको दललाई महाधिवेशनमा गएर प्रशंसा गर्ने नेताले संविधान र निर्वाचन प्रणाली संशोधनको कुरा गर्नु विरोधाभास हो । अहिले निर्वाचन प्रणालीलाई दोष दिने नेताहरूको सत्ता स्वार्थका लागि सबै हतकण्डा अपनाउने नियतमा खोट हो । त्यसमा खास संविधान वा निर्वाचन प्रणालीको कमजोरीभन्दा पनि नेताहरूकै जुँगाको लडाइँ थियो ।

हाम्रो मुलुकमा जस्तै निर्वाचन प्रणाली भएका कतिपय युरोपेली मुलुकमा गठबन्धनका सरकारहरू पनि पाँचै वर्ष टिकेका हुन्छन् । छिमेकी भारतमा पनि कसैको बहुमत नहुँदा पनि पूरा अवधि एउटै सरकार चलेको देखिन्छ। तर हाम्रोमा समस्या भनेको हाम्रा दल र तिनका नेताहरूमा संस्कारको अभाव हो। सत्ता स्वार्थका लागि जता पनि मिल्ने र चुनावी वाचा विर्सने चरित्र प्रमुख समस्य हो । देश आर्थिक मन्दीको दलदलमा फसेको छ। देशलाई साँच्चिकै समृद्धिको दिशामा लैजाने हो भने दलहरू एकगठ भएरै अघि बढ्नुपर्छ। त्यसका लागि राष्ट्रिय सहमतिमा सरकार गठन गर्नु उत्तम हुन्छ । सबैभन्दा पहिला देशका प्रमुख समस्या खुट्टयाएर तिनलाई सम्बोधन गर्न प्राथमिकीकरण सूची बनाउने र हल गर्दै जाने हो भने नागरिकमा आशा जागिहाल्छ। संविधानका थुप्रै कमजोरीहरू सुधार गर्न पनि सबै दल एकै ठाउँ उभिन जरुरी छ । राजनीतिक रत्यौलीमात्रै चलाइरहने हो भने लोकतान्त्रिक व्यवस्था विरोधी शक्तिको मनोबल उँचो हुन्छ । ७० वर्षको संघर्षले स्थापित लोकतन्त्रका लागि हिजो जसरी दलहरू एकै ठाउँ थिए, फेरि उसैगरी मिलेर अघि बढ्ने र देशमा राजनीतिक स्थिरतासहित सुशासन दिनुपर्छ ।संसद दिवसमाका बेला चिन्ता गर्ने नेता र संविधानविद र अनुभवी राजनीतिज्ञले सत्ता स्वार्थ भन्दा माथि उठेर देशको राजनीतिक स्थायित्व र समृद्धिका लागि पहलकदमी लिनु जरुरी छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : मानसिक तनाब |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पर्यटन तथा पर्वतारोहण विषय पढ्नेलाई अनुदान

**पोखरापत्र संवाददाता**
मनाङ, १६ असार

जिल्लाको नासों गाउँपालिकाले पर्यटन तथा पर्वतारोहण विषय लिएर अध्ययन गर्ने विद्यार्थीलाई अनुदान उपलब्ध गराउने भएको छ । गाउँपालिकालले यस विषयमा अध्ययन गरिरहेका विद्यार्थीलाई अवलोकन भ्रमण तथा स्थलगत अध्ययनका लागि रु ५० हजार अनुदान दिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले प्रकाशज्योति माध्यमिक विद्यालयमा कक्षा १२ मा पर्यटन तथा पर्वतारोण विषय अध्यापन भइरहेको र त्यहाँका विद्यार्थीलाई अनुदानको व्यवस्थापन गरिएको बताउनुभयो । उहाँका अनुसार प्रतिविद्यार्थी रु ५० हजार गाउँपालिकाले उपलब्ध गराउनेछ।

उहाँले भन्नुभयो, “हिमाली जिल्ला भएकाले पर्यटन तथा पर्वतारोहण विषय महत्वपूर्ण छ। यहाँको स्थानीयबाट नै प्रवर्द्धन गर्न टेवा पुग्नेछ ।” यस विषय लिएर अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्नकै लागि अनुदानको व्यवस्था गरिएको अध्यक्ष धनबहादुरले बताउनुभयो ।

गाउँपालिकाले बाल बचतलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रभु बैङ्क नार्सों शाखाको सहकार्यमा कक्षा १ मा अध्ययनरत बालबालिकालाई प्रतिविद्यार्थी रु दुई हजारका दरले खाता खोली बालबचत कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

शैक्षिक सत्र २०८१ साउनबाट कक्षा ३ मा प्रकाशज्योति विद्यालयमा अङ्ग्रेजी माध्यमबाट अध्यापन गराइने छ । गाउँपालिकाभित्रका सामुदायिक विद्यालयबाट एसइई उत्तीर्ण गरी प्राविधिक धारका विषय अध्ययन गर्न चाहने विद्यार्थीलाई रु एक लाख छात्रवृत्ति प्रदान गरिने उपाध्यक्ष वेदबहादुर गुरुङले बताउनुभयो ।

उहाँका अनुसार शैक्षिक सत्र २०८१ मा गाउँपालिकाअन्तर्गतका सामुदायिक विद्यालयबाट एसइईमा ‘ए प्लस ग्रेड’ ल्याउने विद्यार्थीलाई प्रोत्साहनस्वरुप जनही रु २० हजार पुरस्कार वितरण गरिनेछ । प्रकाशज्योतिलाई सिक्ने, टिक्ने र विक्ने शैक्षिक केन्द्रका रूपमा नमूना विद्यालयका रूपमा विकास गरी सबैको रोजाई विद्यालयमा विकास गर्ने गाउँपालिकाको लक्ष्य छ ।

# पाहुना चरालाई वार्षिक ५० लाखको माछा खुवाउँदै रुपाताल

**रासस**
गण्डकी, १६ असार

पर्यटकीय राजधानी पोखरा केबल मानव समुदाय घुम्ने पर्यटकीय गन्तव्य मात्रै होइन यो त स्वदेश एवं विदेशका चरा पनि घुम्ने र विचरण गर्ने स्थल हो ।

तालैतालको सहरको उपमा पाएको पोखरामा नौ ताल रामसार सूचीमा समेत सूचीकृत भइसकेका छन् । यिनै तालतलैयाका कारण पोखरा चरा पर्यटनका लागि पनि आकर्षक गन्तव्य बनेको छ । पोखराका तालतलैयामा बर्सेनि झण्डै तीन सय प्रजातिका विदेशी चरा चीन, साइबेरिया लगायतका देशबाट आउने गरेको पोखरा पन्छी समाजका अध्यक्ष मनशान्त घिमिरेले बताउनुभयो ।

प्रत्येक वर्षको हिउँद र वर्षात्का समयमा छुट्टाछुट्टै प्रजातिका चरा पोखराका तालतलैयामा देखिने गरेको उहाँले जानकारी दिनुभयो । “विशेषगरी हिउँदको समयमा सिकारी प्रजातिका चरा पोखराका तालतलैयामा देख्न सकिन्छ, वर्षात्को समयमा कोइली प्रजातिका चरा देख्न सकिन्छ”, उहाँले भन्नुभयो, “साइवेरियालगायत टाढाटाढा विदेशी मुलुकबाट आएका चरा केही समय बिताएर फर्कने गरेका छन् ।” पोखराका रामसार सूचीमा सूचीकृत तालमध्येको एक रुपाताल पनि हो । सुन्दा अचम्म लाग्न सक्छला तर, रुपातालले बर्सेनि झण्डै रु ५० लाख बराबरका माछा विदेशी चरालाई खुवाउँदै आएको छ । साविक लेखनाथ नगरपालिका-१०, ११ र १४ का केही भागले छोएको यस तालमा प्रत्येक वर्षको हिउँदमा आउने जलेवालगायत प्रजातिका चराले रु ५० लाखभन्दा बढीको माछा खाएर जाने गरेको रुपाताल पुनःस्थापना तथा मत्स्यपालन सहकारी संस्थाका अध्यक्ष शिवप्रसाद अधिकारीले बताउनुभयो । “विशेषगरी पुस माघको समयमा करिब तीन महिना साइबेरियालगायत स्थानबाट रुपातालमा आउने करिब दुई सय ५० सङ्ख्याका जलेवाको आहारा माछा नै हो”, उहाँले भन्नुभयो, “सामान्यतः एउटा जलेवाले दिनभरिमा आधा किलोसम्म माछा खाने गर्दछ ।” रातको समयमा ताल आसपासको जङ्गलमा बस्ने जलेवा बिहान सूर्योदयदेखि सूर्यास्तसम्म तालमा नै रहने र माछा खाने गरेको उहाँले जानकारी दिनुभयो । विगतमा अतिक्रमणमा पर्दै गएको ताललाई संरक्षण गर्ने उद्देश्यका साथ २०५८ सालदेखि सहकारी स्थापना गरी माछापालन गर्दै आयआर्जनसमेत गरिँदै आइएको उहाँले जानकारी दिनुभयो । सहकारी सञ्चालनमा आएसँगै यसका माध्यमबाट तालको संरक्षण र उपयोगमा जोड दिइएको बताउँदै उहाँले हाल सहकारीमा एक हजार ३० जना आबद्ध भइसकेको बताउनुभयो । सहकारीअन्तर्गत माछा मार्ने, चौकीदार, बैंकिङ कारोबार आदिका लागि २४ जनालाई रोजगारी दिन सकिएको सहकारीले जनाएको छ । सहकारीले वार्षिक करिब रु दुई करोड बराबरको माछा उत्पादन गर्न सफल बनेको जनाउँदै उहाँले तालमा रहु, नैनी, कमन, सिल्भर कार्प, तिलापियालगायत जातका माछा उत्पादन हुने गरेको बताउनुभयो । उहाँका अनुसार तालमा करिब २४/२५ स्थानीय जातका माछा रहेका छन् । रुपाताल पछिल्लो समयमा जलचर, वन्यजन्तु, पर्यावरण अध्ययन अनुसन्धान गर्ने खुला पाठशाला जस्तै बनेको जनाउँदै उहाँले वर्षेनी करिब २५ राष्ट्रबाट अध्ययन अनुसन्धानकर्ता आउने गरेको जानकारी दिनुभयो ।

रुपातालमा उत्पादित माछाको बजारका लागि कुनै समस्या नरहेको सहकारीका कर्मचारी रामजी अधिकारीले बताउनुभयो। रुपातालको माछाको माग बढिरहेको जनाउँदै अधिकारीले मागबमोजिम पुऱ्याउन धौधौ हुने गरेको अनुभव सुनाउनुभयो ।

तालको संरक्षण र विकासका लागि रुपाताल संरक्षण एकीकृत विकास परियोजनामार्फत पूर्वाधार विकासका काम भइरहेका छन् । परियोजना लक्षित काम सम्पन्न भएसँगै तालको संरक्षण, पर्यटकीय विकास हुँदै स्थानीयको जीवनस्तर बढ्ने विश्वास लिइएको छ । चरणबद्ध अघि बढ्ने परियोजनाको लागत रु चार अर्ब ५२ करोड ८८ लाख रहेको परियोजनाका सूचना अधिकारी इञ्जिनियर कृष्णबहादुर विकले जानकारी दिनुभयो । उहाँका अनुसार परियोजनाअन्तर्गत जग्गा अधिग्रहणका लागि नौ सय ९५ रोपनी जग्गाको सूचना निकालिएकामा हालसम्म नौ सय ८७ रोपनी क्षेत्रको मुआब्जा वितरण गरिसकिएको छ । मुआब्जा वितरणका साथै तालबेंसीको पुल निर्माण भइसकेको छ भने सडक निर्माण पनि सम्पन्न भइसकेको छ। हाल बाँध निर्माणको काम अघि बढेको उहाँले जानकारी दिनुभयो । बाँध निर्माण भएपछि हाल रहेको पानी सतह छ सय २० मिटरबाट बढेर छ सय २४ मिटर हुने र तालको क्षेत्रफल हालको एक सय २२ हेक्टरबाट बढेर एक सय ८३ पुग्ने उहाँले जानकारी दिनुभयो ।

लक्षित योजनाअनुसारको परियोजना सम्पन्न भएसँगै त्यसले तालको संरक्षण र यससँग जोडिएका जैविक विविधता, जलमा आश्रित जीवजन्तुको संरक्षण आदिमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ । रुपातालको जलाधार क्षेत्र आसपासका जङ्गललाई समेटेर खुला चिडियाखाना सञ्चालनमा आउनुले पनि यस क्षेत्रको संरक्षण र विकासमा थप योगदान पुग्ने देखिएको छ । पचभैया प्राणी उद्यान केन्द्रका रूपमा सञ्चालित चिडियाखाना बृहत् पोखराको अवधारणाअनुसार यहाँको नयाँ पर्यटकीय आकर्षणका रूपमा साविक लेखनाथ नगरपालिकाका वडा नं ११, १२ र १४ मा रहेका पचभैया, चैनपुर र चापापानी चिसाकुना सामुदायिक वनलाई समेटेर बनाइएको हो । यहाँको एक सय ३४ हेक्टर क्षेत्रफललाई समेटेर पूर्वाधार विकासका कार्यक्रम अघि बढाइएको छ।

चिडियाखाना परिसर एवं रुपाताल क्षेत्रमा चार सय ५० प्रजातिका जीवजन्तु तथा तीन सय ६१ प्रजातिका वनस्पति, एक सय ७५ प्रजातिका जडीबुटी पाइन्छन् । त्यस्तै रुपातालमा २४ प्रजातिका माछाका साथै विभिन्न ३६ प्रजातिका चराका साथै जङ्गल क्षेत्रमा बाघ, मृग, अजिङ्गर जस्ता जनावर पाइन्छन् ।

यहाँ आउने पर्यटकले यहाँबाट रुपातालको मनोरम दृश्यसँगै चिडियाखानामा चितुवा, नीलगाई, चित्तल, रतुवा मृग, चरी बाघ, अजिङ्गर, सेतो गिद्ध, हिमाली गिद्ध, कछुवा आदिको अवलोकन गर्न पाउँछन् ।

रुपा तालमा मोती उत्पादनको पनि सम्भावना देखिएको छ । यसअघि लामो समयको प्रयाससँगै बेगनासस्थित मत्स्य अनुसन्धान केन्द्रले यहाँका तालमा मोती उत्पादनको सम्भावनालाई प्रमाणित गरेसँगै रुपातालमा पनि मोति उत्पादन गर्ने सोच अघि बढाइएको सहकारीका अध्यक्ष अधिकारीले बताउनुभयो । उक्त विषयलाई हाल परीक्षणका रूपमा अघि बढाइएको बताउँदै उहाँले परीक्षण सफल भएसँगै मोतिखेतीसमेत गरिने जानकारी दिनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३ स्थित श्री सूर्य विनायक सिः गुठी निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः श्री सूर्य विनायक सिः गुठी
ठेगानाः पोखरा-३
योजना शुरु हुने मितिः २०८०/११/३० गते
योजना सम्पन्न हुने मितिः २०८१/०३/०३ गते
योजनाको कुल लागतः रु. १४,८६,५१३/३६
पोखरा महानगरपालिका बाटः १४,००,०००/-
जनश्रमदानबाटः रु.७५,०००/-
अध्यक्षः वकिलमान तुलधर उदास ९८४६१७९३९८
जम्मा सदस्य संख्याः ७ जना महिला : २ पुरुषः ५

**श्री सूर्य विनायक सिः गुठी निर्माण उपभोक्ता समिति पोखरा-३**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३ स्थित कार्य विनायक गणेश मन्दिर निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः कार्य विनायक गणेश मन्दिर
ठेगानाः पोखरा-३
योजना शुरु हुने मितिः २०८१/२/२८ गते
योजना सम्पन्न हुने मितिः २०८१/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८१/ ०३/१५ गते
योजनाको कुल लागतः रु. २,४४,०३२/५०
पोखरा महानगरपालिका बाटः २,५०,०००/-
जनश्रमदानबाटः रु.३७,५००/-
अध्यक्षः विमल उदास ९८४६०२८२२४
जम्मा सदस्य संख्याः १२ जना महिला : ५ पुरुषः ७

**कार्य विनायक गणेश मन्दिर उपभोक्ता समिति पोखरा-३**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. ११ रानीपौवा स्पोर्ट सेन्टर मूल नहर हुदै जनता चोकसम्म सडक स्तरउन्नती गर्दा निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।
**योजनाको नाम :** रानीपौवा स्पोर्ट सेन्टर मूल नहर हुदै जनता चोकसम्म सडक स्तरउन्नती
**उपभोक्ता समितिको नामः** रानीपौवा स्पोर्ट सेन्टर मूल नहर हुदै जनता चोकसम्म सडक स्तरउन्नती उपभोक्ता समिति, पोखरा-११, कास्की
**योजना सम्झौता मिति :** २०८१/०१/०२ गते
**योजना सुरु मिति :** २०८१/०१/०३ गते
**योजना सम्पन्न भएको मिति :** २०८१/०३/१५ गते
**महानगरपालिका बाट प्राप्त :** रु. ४०,००,०००/-
**जनसहभागिता :** रु. ७,००,०००/-
**जम्मा लागत :** रु. ४७,००,०००/-
**समिति सदस्य :** ११ जना, महिला सदस्य : ४ जना
**अनुगमन समिति संयोजक :** कृष्णबहादुर बस्नेत
**सदस्यहरु :** टेकेन्द्र गुरुङ र हरि कार्की पालिखे

**लोक बहादुर मानन्धर**
**अध्यक्ष**
**रानीपौवा स्पोर्ट सेन्टर मूल नहर हुदै जनता चोकसम्म सडक स्तरउन्नती उपभोक्ता समिति, पोखरा-११, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ९ स्थित सिद्ध मार्ग भवन निरन्तर योजना निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः सिद्ध मार्ग भवन निरन्तर योजना
ठेगानाः पोखरा-९
योजना शुरु हुने मितिः २०८०/०९/१३ गते
योजना सम्पन्न हुने मितिः २०८१/०९/१३ गते
योजना सम्पन्न भएको मितिः २०८१/०३/१५ गते
योजनाको कुल लागतः रु. ७,७८,४००/-
पोखरा महानगरपालिका बाटः रु. ७,००,०००/-
जनश्रमदानबाटः रु.७८,४००/-
अध्यक्षः तारा कुमारी राना
जम्मा सदस्य संख्याः ५ जना महिला : ४ पुरुषः १

**सिद्ध मार्ग भवन निरन्तर योजना उपभोक्ता समिति पोखरा-९**

# एन आई सी एशिया बैंकद्वारा पोखराबाट मास्टर कार्ड सेवा शुभारम्भ

पोखरापत्र संवाददाता
पोखरा, १६ असार




एन आई सी एशिया बैंकले नेपाल सहित भारत र भुटानबाट समेत सेवा संचालन हुने गरी मास्टर कार्ड सेवा शुभारम्भ गरेको छ। बैंकले एक समारोहकाबिचआइतबारपोखरामा आयोजित समारोहमा उक्त कार्ड जारी भएको सार्वजनिक गरेको हो।

उक्त कार्ड मार्फत ग्राहक महानुभावहरुले नेपाल, भारत र भुटानबाट एटिएम तथा इ बैंकिङ सेवा सुविधा उपलब्ध हुने गरी सुरु गरिएको एन आई सी एशिया बैंक गण्डकी प्रदेशका प्रमुख दिपेन्द्र शर्माले बताउनु भयो । डिजिटल बैंकिङ्गलाई आत्मसात गर्दै लाखौं ग्राहक महानुभावहरुमा गतिशील बैंकिङ्गको अभ्यास गर्दै आइरहेको एन आई सी एशिया बैंकले पर्यटनको राजधानिबाट उक्त अभियान सुरु गरेको उहाँको भनाई थियो। आइतबार पोखरामा आयोजित विशेष कार्यक्रमका बीच भारतका प्रतिनिधिहरु सहितको सहभागितामा उक्त कार्ड जारी भएको घोषणा गरिएको हो।

डेबिट कार्डको रुपमा प्रयोग गर्न सकिने मास्टरकार्ड बैंकका सम्पूर्ण शाखा कार्यालयहरुबाट ग्राहक महानुभावहरुले प्राप्त गर्न सक्ने भएको शर्माले जनाउनु भयो । डिजिटल फष्ट बैंकको रुपमा आफूलाई स्थापित गर्न लागिरहेको बैंक र विश्वविख्यात मास्टरकार्ड बीचको सहकार्यले नेपालको बैंकिङ्ग क्षेत्रलाई थप उचाइमा पुर्याउँन ठोस योगदान दिने बैंकले विश्वास लिएको छ।

एन आई सी एशिया बैंकले मुलुकभर ३६० शाखा कार्यालयहरू, ६७० एटिएम, ११८ बटा विस्तारित काउन्टर एवं ५१ वटा शाखा रहित शाखा सञ्जाल विस्तार गरेको बैंकले जनाएको छ। देशको कुल जनसंख्यामध्ये २० वर्षदेखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५ प्रतिशत जनतालाई सेवा दिन यस बैंक सफल भएको सहायक प्रमुख कार्यकारी अधिकृत एवं प्रमुख सूचना अधिकारी अजुर्न राज खनियाले बताउनु भयो । देशको अर्थतन्त्रको सवलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुर्‍याउन उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै स्थापनाकालदेखि हालसम्ममा प्रत्यक्ष र अप्रत्यक्ष गरी कूल रु २३ अर्ब ७ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा रु ३ अर्थ ६१ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई युझाउन बैंक सफल भएको उहाँको दाबी छ।

वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रुकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति व्यूत रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेकी ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सल्यालन गर्दै आइरहेको बैंकले जनाएको छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ स्थित अम्बोट, खोलाखेत, बास्तरा, बालकल्याण आ.वि., बोष्टारी कयरे, आरुबोट हुँदै स्यर्तुङ कृषि सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः अम्बोट, खोलाखेत, बास्तरा, बालकल्याण आ.वि., बोष्टारी कयरे, आरुबोट हुँदै स्यर्तुङ कृषि सडक
ठेगानाः पोखरा-२१
योजना शुरु हुने मितिः २०८०/१०/१२ गते
योजना सम्पन्न भएको मितिः २०८१/ ०३/०९ गते
योजनाको कुल लागतः रु. २२,२२,५२६/१२
पोखरा महानगरपालिका बाटः रु. २०,००,०००/-
जनश्रमदानबाटः रु.२,२२,५२६/१२
अध्यक्षः गोविन्द प्रसाद भण्डारी ९८१७१६८०२३
जम्मा सदस्य संख्याः ९ जना महिला : ३ पुरुषः ६

**अम्बोट, खोलाखेत, बास्तरा, बालकल्याण आ. वि., बोष्टारी कयरे, आरुबोट हुँदै स्यर्तुङ कृषि सडक निर्माण उपभोक्ता समिति पोखरा-२१**

# जिम्न्याष्टिक प्रतियोगितामा कास्की च्याम्पियन



पोखरापत्र संवाददाता
पोखरा, १६ असार

तेस्रो गण्डकी प्रदेश स्तरीय खुल्ला जिम्न्याष्टिक प्रतियोगितामा कास्की जिल्ला जिम्न्याष्टिक संघ च्याम्पियन भएको छ।

प्रदेश खेलकुद परिषद गण्डकी प्रदेशको आयोजना तथा गण्डकी प्रदेश जिम्न्याष्टिक संघको व्यवस्थापनमा भएको प्रतियोगितामा पुरुष र महिला दुवै तर्फ प्रथम हुदै कास्की जिल्ला जिम्न्याष्टिक संघ च्याम्पियन भएको हो । पुरुष तर्फ कास्की प्रथम हुदा कान्तिपुर जिम्न्याष्टिक क्लव दोस्रो र पर्वत जिल्ला जिम्न्याष्टिक संघ तेस्रो भए । त्यसैगरी महिला तर्फ कास्की जिल्ला जिम्न्याष्टिक संघ प्रथम, अञ्जुली जिम्न्याष्टिक क्लव दोस्रो र स्याङ्जा जिल्ला जिम्न्याष्टिक संघ तेस्रो भए। प्रतियोगिताको जुरीमा योगेन्द्र गुरुङ, सोमबहादुर शाही, दिल जैसी, क्या.ताराप्रसाद श्रेष्ठ र रविन्द्र तभ्र्याकाजी रहनुभएको थियो। विजयी खेलाडीलाई प्रदेश खेलकुद परिषद गण्डकी प्रदेशका सदस्य सचिव श्रीधर शर्मा, गण्डकी प्रदेश जिम्न्याष्टिक संघका अध्यक्ष योगेन्द्र गुरुङ, उपाध्यक्ष राजु केसी, खेल संयोजक तथा कोषाध्यक्ष राजु कायस्थले ट्रफि, मेडल र प्रमाण पत्र वितरण गर्नुभएको थियो । गण्डकी प्रदेश जिम्न्याष्टिक संघका अध्यक्ष योगेन्द्र गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष राजु केसी, खेल संयोजक तथा कोषाध्यक्ष राजु कायस्थ र सचिव प्रकाशचन्द्र सापकोटा कास्की जिल्ला जिम्न्याष्टिक संघका सचिव गौतम चौधरीले बोल्नुभएको थियो।

## कर्जा भुक्तानी गर्न आउने बारेको २१ दिने सार्वजनिक सूचना

(**प्रकाशित मिति २०८१/०३/१७**)

तपसीलमा उल्लेखित तपाई ऋणीले यस सहकारी संस्थाबाट व्यवसाय कर्जा शीर्षक अर्न्तगत लिनुभएको ऋण कर्जाको समय समयमा बुझाउनुपर्ने साँवा, किस्ता व्याज रकम नबुझाई यस संस्थासँग गरेको सम्झौता बमोजिमका शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएकाले संस्थाले कर्जा भुक्तानी गर्नका लागि ऋणी तथा व्यक्तिगत धनजमानी कर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदिनुभएकोले तपाईहरु तपसीलमा उल्लेखित ऋणी, धितो जमानीकर्ता एवम् व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारे यो २१ (एक्काईस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस संस्थामा संपर्क राखी आफूले तिर्न बुझाउन बाँकी रहेको साँवा, व्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला। साथै धनजमानी तथा व्यक्तिगत धनजमानी दिनेले समेत सम्पूर्ण साँवा ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता गर्न लगाउनु हुन यसै सूचनाबाट सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस संस्थालाई लेखिदिएको धितो (सम्पत्ति) घर जग्गा जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७६, प्रचलित सहकारी मापदण्ड नीति नियम तथा कानुनको प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी संस्थाले असुल उपर गरी लिने व्यवहोरा यसै सूचनाबाट सुचित गरिन्छ। कथमकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा ठहरिएमा वा कुनै कारणले लिलाम बिक्री हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताको नाममा रहेको अन्य जायजेथा तथा घरघरानाबाट समेत असुल उपर गरिलिइने छ।

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो | जमानी बसेको नाम, थर ठेगाना | धितो सुरक्षण विवरण |
|---|---|---|---|
| नामः जिवन सुनार<br>बाबुको नामः भोज बहादुर सुनार<br>बाजेको नामः भुमान सिं<br>ठेगानाः पो.म.न.पा.-२८,कास्की (हाल पोखरा-१६)<br>ना.प्र.नं.: ४६-०१-७१-११७९२, कास्की<br>जारी मिति : २०७१/१२/२९ |  | १) नाम : भोज बहादुर सुनार<br>बाबु : भुमान सिं ुनिार<br>बाजे : जहर सिं सुनार<br>ठेगानाः पो.म.न.पा.-२८ कास्की (हाल पोखरा- १६)<br>ना.प्र.नं.: २२८९ कास्की<br>जारी मिति : ०७१/०८/१५ | जिवन सुनारको नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको पो.म.न.पा १६, अर्मला स्थित कि.न. १२१७ र १२१८ कुल क्षेत्रफल १५५५/९४ व.मी र सो जग्गामा रहेको घर समेत। |

नोट : यस संस्थाबाट कर्जा लिई कर्जाको किस्ता ब्याज नियमित नबुझाउने अन्य ऋणीहरुलाई समेत यसै सूचनालाई आधार मानी भाखा नाघेको साँवा, ब्याज बुझाई कर्जा नियमित गर्नु गराउनु हुन यसै सूचनाद्धारा जानकारी गराईन्छ। अन्यथा यसै बमोजिम ऋणी धितो जमानी दिनेको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रपत्रिकामा सूचना प्रकाशित गरी संस्थाले असूल उपर प्रक्रिया अगाडि बढाउने व्यहोरा अवगत गराईन्छ।

**विस्तृत जानकारीको लागि**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं. : ०६१-५८०७९६, ५४४७९५**

# चौथो हेमजा हिले महोत्सव सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १६ असार

शनिबार दिनभरजसो हेमजा हिले महोत्सवको रौनकमा रहयो । महोत्सवमा बुढा पाकादेखि युवा हुँदै केटाकेटीसम्म रमाइलो गरे।

त्यहाँ स्थानीय देवीस्थानसेवा समाजले महोत्सवको चाजो पाजो मिलाएको थियो।अन्य दिनको तुलनामा शनिवार अधिकाशं हेमजावासी समेत उठे । करिव ९ बजे स्थानीय देवीस्थान माईमन्दिरमा भेला भए । त्यहाँबाट कृषि झाँकी सहितको शोभायात्रामा सहभागि भएरेकलनुँदै महोत्सव स्थलमा पुगेका हेमजावासीको बाक्लो उपस्थिती देखियो। त्यहाँ हिले फुटबल, हिले दौड, रस्साकस्सी, घैटो फुटाउने, झाँकी प्रदर्शन, विद्यालय स्तरीय धान रोपाई प्र तियोगिता, उत्क ृष्ट किसानसम्मान, हलगोरु तथा जोडी दौड, आमा समूह बीच असारे भाका, म्युजिकल बेलुन, हिलोमा भाले तथा माछा समाउने लगायतका प्रतियोगिता भए । महोत्सवलाई सम्बोधन गर्दै प्रतिनिधीसभा सदस्य ज्ञानेन्द्र शाहीले हेमजा प्राकृतिकसुन्दरले भरिपूर्ण रहेको चर्चा गर्दै हेमजाको खेतीयोग्य जमिनको संरक्षण गर्नु पर्ने बताए।आर्थिकउपार्जनगर्नविदेशजाने परिपाटीको अन्त्य गर्नुपर्ने भन्दै शाहीले देशकै भूमिमा कर्म गरी अर्थोपार्ज न गर्नेसपना देख्नसबैलाईसुझाव दिए। पोखरा महानगरपालिकाका प्रवक्ता समेत रहेका वडाध्यक्ष मोतिलाल तिमिल्सीनाले हेमजाको पहिचानसँग हिले महोत्सव जोडिरहदा पोखरा महानगरले हिले महोत्सवलाई विशेष गरी प्राथमिकता दिएको जनाए। यस अवसरमा नेपाली कांग्रेस वडा सभापति मधुसुदन त्रिपाठी, विष्णुपादुका माइस्थानका अध्यक्ष चुडामणि तिमिल्सीना लगायतले पनि धारणा राख्दै महोत्सनिदत मा जोड दिए।

महोत्सव अन्तर्गत भएको झाँकी ऱ्यालीतर्फ चापाघाट आमा समूहप्रथम, देवीस्थान आमा समूह दोस्रो तथा नेवा खलः हेमजा समूहतेस्रो भए। त्यस्तै ४० वर्षमाथिको पुरुष हिले दौडतर्फमहादेव सापकोटा पहिलो तथा प्रताप सापकोटा दोस्रो, हिले दौड महिला खुलातर्फमीना नेपाली पहिलोसाथै रमा भण्डारी दोस्रो हुन सफल भएको महोत्सव मूल आयोजक समितिका संयोजक हर िशरण पौडेलले जानकारी दिए। त्यस्तै भाले समाउनेमा धादिङका रमेश रानामगर विजेता, विद्यालय स्तरीय धान रोपाइ प्रतियोगितामा हेमजा बोडिङ पहिलो, विष्णुपादुका मावि दोस्रो र हेमजा बोडिङ कै समूहतेस्रो, हिले दौडमा अभिषेक बुढाथोकी प्रथम तथा उमेश विक दोस्रो भए । त्यसैगरी रस्साकस्सी प्रतिष्पर्धामा पाटा समाज पहिलो तथा सिम्पानी समूह दोस्रो, बच्चा दौड(पुरुष)तर्फ प्रशान्त सुनार प्रथम तथा कृष्ण थापा द्वितीय, महिलामा अपेक्षा केसी पहिलो तथा यार्जा राना दोस्रो हुन सफल भए। यसैगरी हलगोरु दौडमा हरी परियार प्रथम, आशबहादुर परिवार दोस्रो र बुद्धिमान् गायक तेस्रो, हिले फूटबलमा विरास कुवँरको समूह पहिलो, जेनिस भण्डारीको समूह दोस्रो, रस्साकस्सी महिलातर्फविश्वकर्मा आमा समूहप्रथम र अन्नपूर्ण आमा समूह दोस्रो, असारे गीत प्रतियोगितामा सुनझाक्री आमा समूहप्रथम, चापाघाट आमासमूह द्वितीय, माछापुच्छ्रे सेवा समाज तृतीय तथा जरकेष्ठ महिलासमूहसान्त्वना भएको आयोजकले जानकारी दिएको। कृषिमा कृषकलाई प्रोत्साहनः विष्णुपादुका मन्दिर हेमजाकोसानु नाराकासाथ स्थानीय देवीस्थान टोलमा महोत्सव भएका ेहो । महोत्सव मूल आयोजक समितिका संयोजक पौडेलको अध्यक्षतामा भएको उक्त कार्यक्रम, कार्यक्रम संचालन उपसमितिका संयोजक परशुराम अधिकारीले गरेका थिए।

## कर्जा भुक्तानी गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(**प्रकाशित मिति २०८१/०३/१७**)

तपसीलमा उल्लेखित तपाई ऋणीले यस सहकारी संस्थाबाट व्यक्तिगत कर्जा शीर्षक अर्न्तगत लिनुभएको ऋण कर्जाको समय समयमा बुझाउनुपर्ने साँवा, किस्ता व्याज रकम नबुझाई यस संस्थासँग गरेको सम्झौता बमोजिमका शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएकाले संस्थाले कर्जा भुक्तानी गर्नका लागि ऋणी तथा व्यक्तिगत धनजमानी कर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदिनुभएकोले तपाईहरु तपसीलमा उल्लेखित ऋणी, धितो जमानीकर्ता एवम् व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारे यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखी आफूले तिर्न बुझाउन बाँकी रहेको साँवा, व्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै धनजमानी तथा व्यक्तिगत धनजमानी दिनेले समेत सम्पूर्ण साँवा ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता गर्न लगाउनु हुन यसै सूचनाबाट सूचित गरिन्छ। अन्यथा धितो सुरक्षण बापत तपाईले यस संस्थालाई लेखिदिएको धितो (सम्पत्ति) घर जग्गा जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७६, प्रचलित सहकारी मापदण्ड नीति नियम तथा कानुनको प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी संस्थाले असुल उपर गरी लिने व्यवहोरा यसै सूचनाबाट सुचित गरिन्छ। कथमकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा ठहरिएमा वा कुनै कारणले लिलाम बिक्री हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताको नाममा रहेको अन्य जायजेथा तथा घरघरानाबाट समेत असुल उपर गरिलिइने छ।

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो | जमानी बसेको नाम, थर ठेगाना | धितो सुरक्षण विवरण |
|---|---|---|---|
| १. नाम : सिल कुमारी गुरुङ<br>बाबुको नाम : जित बहादुर गुरुङ<br>बाजेको नाम : पुत्लीमान गुरुङ<br>ठेगाना : पो.म.न.पा.२७,कास्की<br>ना.प्र.नं. : २१७६, लमजुङ<br>जारी मिति : २०४५/०१/१७ |  | १) नाम : मोहन गुरुङ<br>बाबु : पेच बहादुर गुरुङ<br>बाजे : मोतीलाल गुरुङ<br>ठेगानाः पो.म.न.पा.२७, कास्की<br>ना.प्र.नं.: १०९४४३ कास्की<br>जारी मिति : २०५७/०७/०६ | सिल कुमारी गुरुङनाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको पो.म.न.पा २७, अर्घौं स्थित कि.न. ३५४५ कुल क्षेत्रफल १३७/१० व.मी |
| २. नाम : शिवजी सुनार<br>बाबुको नामः मन बहादुर सुनार<br>बाजेको नामः भुवन सिं सुनार<br>ठेगानाः पो.म.न.पा.१६, अर्मला कास्की<br>ना.प्र.नं.: ४६१०१४/१२२६, कास्की<br>जारी मिति : २०६९/०१/२७ |  | १) नामः मन बहादुर सुनार<br>बाबुः भुवन सिं सुनार<br>बाजेः जर सिं सुनार<br>ठेगानाः पो.म.न.पा.१६, अर्मला कास्की<br>ना.प्र.नं.: २७९, कास्की<br>जारी मितिः २०४५।१०।२७<br>२) नाम भोज बहादुर सुनार<br>बाबुः भुवन सिं सुनार<br>बाजेः जर सिं सुनार<br>ठेगानाःपो.म.न.पा.१६, अर्मला कास्की<br>ना.प्र.नं.: २२८९, कास्की<br>जारी मितिः २०४८/१२/२१ | शिवजी सुनार नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको पो.म.न.पा १६, अर्मला स्थित कि.न. १४०१ र १४०२ कुल क्षेत्रफल ३६५६ /५५, र १०१७ /४८ व.मी. |

**नोट**: यस संस्थाबाट कर्जा लिई कर्जाको किस्ता ब्याज नियमित नबुझाउने अन्य ऋणीहरुलाई समेत यसै सूचनालाई आधारमानी भाखा नाघेको साँवा, ब्याज बुझाई कर्जा नियमित गर्नु गराउनु हुन यसै सूचनाद्धारा जानकारी गराईन्छ। अन्यथा यसै बमोजिम ऋणी धितो जमानी दिनेको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रपत्रिकामा सूचना प्रकाशित गरी संस्थाले असूल उपर प्रक्रिया अगाडि बढाउने व्यहोरा अवगत गराईन्छ।

**विस्तृत जानकारीको लागि**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं. : ०६१-५८०७९६, ५४४७९५**